"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्घा राजपत्र

सिरीजङ्घा गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ७) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, जेष्ठ २० गते २०८३ साल (संख्या ०९

## भाग २

सिरीजङ्घा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सुचना

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ मा भएको व्यवस्थालाई थप व्यवस्थित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (च) ३ मा पञ्जिकरण व्यवस्थापन सम्बन्धीको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्रका सबै वडाहरुमा बसाईसराई गरी आउँदा देहाय बमोजिमको मापदण्ड पुरा गरी आएको अवस्थामा मात्र बसाईसराई दर्ता गर्ने भनी गाउँ कार्यपालिकाको मितिः २०८३।०२।१९ गते बसेको बैठकले निर्णय गरेको हुँदा सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरीएको छ ।

**मापदण्ड**

क. बसाईसराई गरी आउने व्यक्तिहरू मध्ये कुनै व्यक्तिको नाममा सम्बन्धित वडाको क्षेत्रभित्रको कम्तिमा छ महिना भन्दा अगाडी जग्गा खरिद गरेको हुनुपर्नेछ ।

ख. घर जग्गा कायम भएको भनी वडा अध्यक्षबाट प्रमाणित भएको हुनुपर्नेछ ।

ग. अन्य कुराहरु प्रचलित नियमानुसार हुनेछ ।

**आज्ञाले,**

**डम्बर बहादुर आङदेम्वे**

**प्रमुख प्रशासकीय अधिकृत**